# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
# मधेश प्रदेश कार्यालय
जनकपुरधाम, धनुषा

## सेवा करारमा व्यक्ति छनोट सम्बन्धि अत्यन्त जरुरी सूचना
सूचना प्रकाशित मिति : २०८१/११/०४

प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, मधेश प्रदेश अन्तर्गतका आंगिक शिक्षालयहरुमा अर्को निर्णय नभए सम्म हाललाई २०८२ आषाढ मसान्त सम्मको लागि तपसिल अनुसारको पदहरुमा व्यक्ति करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र ) दिन (मिति २०८१/११/१८ गते) कार्यालय समय भित्र आफ्नो शैक्षिक योग्यताको प्रमाण पत्र , नेपाली नागरिकताको प्रमाण पत्र तथा आफ्नो पेशा व्यवसायको काउन्सिल दर्ता (नेपाल सरकारले व्यवस्था गरेको भए) को प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र तोकिएको दस्तुर सहित दरखास्त फारम परिषद् मधेश प्रदेश कार्यालयमा स्वयं उपस्थित भई आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ |

तपसिल :

| बिज्ञापन नं. | पद | श्रेणी | संख्या | न्यूनतम शैशिक योग्यता | काम गर्नु पर्ने शिक्षालय |
|---|---|---|---|---|---|
| ०१-२०८१\०८२ | कृषि प्रशिक्षक (पशु विज्ञान) | अधिकृत स्तर तृतीय प्रा. | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | लहान प्राविधिक शिक्षालय |
| ०२ -२०८१\०८२ | फार्मेसी प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | |
| ०३ -२०८१\०८२ | रसायन शास्त्र प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट रसायन शास्त्र बिषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण | निर्मल लामा बहु-प्राबिधिक शिक्षालय, खैरमारा,महोत्तरी निर्मल लामा बहु-प्राबिधिक शिक्षालय, खैरमारा,महोत्तरी |
| ०४ -२०८१\०८२ | भौतिक शास्त्र प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिक शास्त्र बिषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण | |
| ०५ -२०८१\०८२ | जियोमेटिक्स प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोमेटिक्स बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | |

| | | | | | |
|---|---|---|---|---|---|
| ०६ -२०८१।०८२ | नर्सिंग प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | २ (दुई) | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिंग बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | सन्त अल्पमाई रा.ना.यादव बहु-प्राबिधिक शिक्षालय, मलंगवा, सर्लाही |
| ०७ -२०८१।०८२ | फार्मेसी प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | २ (दुई) | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | |
| ०८ -२०८१।०८२ | स्वास्थ्य प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | |
| ०९ -२०८१।०८२ | जिव विज्ञान प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट जिव विज्ञान बिषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण | |
| १० -२०८१।०८२ | कृषि प्रशिक्षक (वाली विज्ञान) | अधिकृत स्तर तृतीय प्रा. | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि (वाली विज्ञान) बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | जय किसान बहु-प्राबिधिक शिक्षालय, धरहरी, रौतहट |
| ११ -२०८१।०८२ | निर्माण प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट निर्माण बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | |
| १२ -०८१।०८२ | मिडवाइफ्री प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | २ (दुई) | मान्यता प्राप्त शिक्षण संस्थाबाट मिडवाइफ्री बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | गौर नर्सिंग बहु-प्राबिधिक शिक्षालय, गौर, रौतहट |
| १३ -२०८१।०८२ | फार्मेसी प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | |
| १४ -२०८१।०८२ | विद्युत प्रशिक्षण सहायक | सहायक स्तर द्रितीय प्रा. | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल बिषयमा tslc तह वा सो सरह उत्तीर्ण | प्रसौनी बहु-प्राबिधिक शिक्षालय, प्रसौनी, बारा |

१. उमेर हद :

-अधिकृत स्तर, तृतीय श्रेणीको पदको लागि २१ वर्ष पुरा भई ५० वर्ष ननाघेको

-सहायक स्तर द्वीतीयको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको)

-उमेर भन्नाले कुनै पदको निमित्त दरखास्त दिने अन्तिम मितिमा पुरा हुने उमेर सम्झनु पर्दछ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद
मधेश प्रदेश कार्यालय
जनकपुरधाम, धनुषा

२. समकक्षता निर्धारण गर्नु पर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रतिलिपि स्वंयम द्वारा प्रमाणित गरि अनिवार्य पेश गर्नुपर्ने छ ।

३. प्राबिधिक तथा प्रशिक्षण सेवा अन्तर्गत प्राबिधिक पदमा दरखास्त दिने उम्मेदवारले नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिंग परिषद् , नेपाल ईन्जिनियरिंग परिषद् लगायत पेशागत संगठनहरुमा दर्ता भएको प्रमाण पत्रको स्वयंले प्रमाणित गरेको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

४. तलब भत्ता र सुबिधा : परिषद्को कर्मचारी सेवा, शर्त तथा सुबिधा सम्बन्धि विनियमावली, २०६९, (संशोधन सहित ) बमोजिम हुनेछ ।

५. कार्य गर्नु पर्ने स्थान : परिषद मधेश प्रदेश कार्यालयबाट तोकिएका आंगिक शिक्षालयहरुमा

६. सूचना बमोजिम रित नपुगेको दरखास्त स्वीकृत गरिने छैन । त्यस्तो फारम दर्ता भएको भए पनि जुनसुकै बेला रद्द हुनेछ ।

७. परिषद्को वेभसाईट www.ctevt.org.np लगईन गरि career बाट पाठ्यक्रम डाउनलोड गर्न सकिनेछ ।

८. दरखास्त दस्तुर : परिषद मधेश प्रदेश कार्यालयको राष्ट्रिय बाणिज्य बैंक,पिडारी चोक,जनकपुरधाममा रहेको चल्ती खाता नं१५२०१००००२६३९००१ मा तल उल्लेखित श्रेणी अनुसारको परिक्षा दस्तुर बुझाई सोको सक्कल भौचर फारम साथ बुझाउनुपर्ने छ । साथै रकम जम्मा गर्दा दरखास्त दिने निवेदकको नाम, थर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।
अधिकृत स्तर तृतीय श्रेणीको लागि रु १० ००|००
सहायक स्तर दृतीय श्रेणीको लागि रु ३०० |००

९. परिक्षाको किसिम तथा अंकभार : सेवा सम्बन्धि बस्तुगत बहुउत्तर लिखित परीक्षामा प्रश्न संख्या ५० र प्रति प्रस्न अंकभार २ हुनेछ । कुल पूर्णांक १०० र उत्तिर्नाङ्क ४० हुनेछ । लिखित परिक्षामा उत्तीर्ण भएका उम्मेदवारलाई मात्र अन्तर्वार्तामा समावेश गराईनेछ ।

१०. यस सूचनामा उल्लेख नभएका बिषयहरुको हकमा प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद कर्मचारी सेवा शर्त तथा सुबिधा सम्बन्धी बिनियमावली २०६९ (छैठौ संशोधन सहित ) र नेपालको प्रचलित कानुन बमोजिम हुनेछ ।

११. उपरोक्त बमोजिमका समान पदहरुको लिखित परिक्षा एकै दिन एकै समयमा परिषद मधेश प्रदेश कार्यालयले तोकेको परिक्षा केन्द्रमा संचालन हुनेछ । कुनै उमेदवारले कुनै एक शिक्षालयको लागि मात्र फारम भर्न पाउने छ ।

१२. आवेदन फारम www.ctevtp2.org.np बाट डाउनलोड गर्न सकिने छ वा परिषद मधेश प्रदेश कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

१३. दरखास्त फारम बुझाउने स्थान : परिषद मधेश प्रदेश कार्यालय, जनकपुरधाम -४, माछा बजार, बसहिया रोड, धनुषा ।

१४. परिक्षा मिति : परिषद मधेश प्रदेश कार्यालयको वेभसाईटमा पछि प्रकाशन गरिने छ ।

१५. थप जानकारीको लागि ९८५४०२११८२ वा ९८४८०९७५५५ मा सम्पर्क गर्न सकिने छ ।

प्राबिधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद
मधेश प्रदेश कार्यालय
जनकपुरधाम, धनुषा
२०७५

अध्यक्ष
सेवा करारमा व्यक्ति छनोट उपसमिति

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

# मधेश प्रदेश कार्यालय

जनकपुरधाम, धनुषा

## सच्याइएको वारे अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८१/११/०५

प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुरधाम, धनुषाबाट सेवा करारमा व्यक्ति छनोट गर्ने मिति २०८१/११/०४ गते सूचना प्रकाशन भएकोमा तपसिल अनुसारको विज्ञापन नं. हरुमा तपसिल अनुसार त्रुटी हुन गएकोले सच्याइएको व्यहोरा सम्बन्धित सवैलाई जानकारीको लागि अनुरोध छ ।

तपसिल:

| बिज्ञापन नं. | पद | श्रेणी | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | हुन गएको | हुनुपर्ने |
| ०१-२०८१\०८२ | कृषि प्रशिक्षक (पशु विज्ञान) | अधिकृत स्तर तृतीय प्रा. | मान्यता प्राप्त शिक्षण संस्थाबाट **पशु विज्ञान** बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | मान्यता प्राप्त शिक्षण संस्थाबाट **कृषि(पशु विज्ञान)** बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण |
| ०८ -२०८१\०८२ | स्वास्थ्य प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य बिषयमा **एम.बि.बि.एस., बि.पी.एच.** वा सो सरह उत्तीर्ण |
| ०९ -२०८१\०८२ | जिव विज्ञान प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | मान्यता प्राप्त शिक्षण संस्थाबाट **जीव विज्ञान** बिषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण | मान्यता प्राप्त शिक्षण संस्थाबाट **माइक्रोबायोलोजी** बिषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण |
| ११ -२०८१\०८२ | निर्माण प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | मान्यता प्राप्त शिक्षण संस्थाबाट **निर्माण** बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | मान्यता प्राप्त शिक्षण संस्थाबाट **सिभिल** बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण |
| १४ -२०८१\०८२ | विद्युत प्रशिक्षण सहायक | सहायक स्तर द्रितीय प्रा. | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल बिषयमा tslc वा सो सरह उत्तीर्ण | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल बिषयमा tslc/ Level-2 वा सो सरह उत्तीर्ण |

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
मधेश प्रदेश कार्यालय
जनकपुरधाम, धनुषा
२०७५

अध्यक्ष
सेवा करारमा व्यक्ति छनोट उपसमिति